# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७३/१२/३१ गते

## प्रेस विज्ञप्ति

**विषय: खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग बबरमहल काठमाण्डौमा कार्यरत खाद्य अनुसन्धान अधिकृत श्री रत्ननिधि चिलुवाललाई घुस रकम सहित नियन्त्रणमा लिईएको ।**

---

काठमाडौं महानगरपालिका, वडा नं-३५ कोटेश्वरस्थित ग्रिनल्याण्ड अर्गानिक फर्म प्रा.लि. नामक कफि उद्योग संचालकले प्रत्येक बर्ष आषाढ मसान्त भित्र खाद्य उद्योग अनुज्ञापत्रको नविकरण गरिसक्नुपर्ने प्रावधान अनुसार मिति २०७३।४।३२ मा आ.व. २०७३।०७४ को नविकरण वापतको राजस्व र.न.९८०३ को बिलद्वारा भुक्तानी गरि खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, बबरमहल, काठमाण्डौमा पटक पटक गई नविकरणको लागि अनुरोध गर्दा उक्त विभागमा कार्यरत खाद्य अनुसन्धान अधिकृत रत्ननिधी चिलुवालले सो काम नगरी आलटाल गरि उक्त कार्य गर्नको लागि रु. १०,०००।- (दश हजार) घुस माग गर्दै आएको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालबाट खटिई गएको टोलीले मिति २०७३।१२।३१ गते रु. १०,०००।- (दश हजार) घुस रिसवत सहित निज खाद्य अनुसन्धान अधिकृत रत्ननिधी चिलुवाललाई खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, बबरमहल काठमाण्डौ स्थित कार्यालय परिसरबाट नियन्त्रणमा लिई अनुसन्धान भईरहेको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता